प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०९/१४

(बेलुका ५:०० बजे)


### ❖ बागमती प्रदेशमा संक्रमणको अवस्थाः


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७२%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २५९५४८(१००%) | १४२०४९(१००%) |
| निको भएको | २५१३१२(९६.८%) | १३७२१४(९६.५९%) |
| उपचाररत | ६३९६(२.४६%) | ३९२०(२.७६%) |
| मृत्यु भएको | १८४०(०.७०%) | ९१५(०.६४%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/१४

### ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०९/१४

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| आइ. सी. यु मा उपचाररत बिरामीको संख्या | ६७ | २२ | ८९ |
| भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या | १८ | ० | १८ |

## ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | ३ | ३ पुरुष |
| सिन्धुली | १ | १ पुरुष |
| ललितपुर | १ | १ पुरुष |
| भक्तपुर | २ | २ पुरुष |
| जम्मा — ७ | | |

## ❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- काठमाडौंका ५८ वर्षिय पुरुष कोभिड र निमुनिया कारणले पौष १० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १४ गते निधन भएको छ । उहाँको पौष १० गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई चिनी रोगको समेत समस्या थियो। सिन्धुलीका ७३ वर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले पौष ११ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १३ गते निधन भएको छ । उहाँको पौष १२ गते कोभिड-२९ पुष्टि भएको थियो। उहाँलाई क्यान्सर रोगको समेत समस्या थियो।काठमाडौंका ५७ वर्षिय पुरुष कोभिड मुटुमा समस्या र निमोनियाको कारणले मंशिर ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १७ गते निधन भएको छ । उहाँको मंशिर ७ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई उच्च रक्तचाप र माइग्रेन रोगको समेत समस्या थियो।काठमाडौंका ८४ वर्षिय पुरुष कोभिड मुटुमा समस्या र निमोनियाको कारणले मंशिर ८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १२ गते निधन भएको छ । उहाँको मंशिर ९ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई मृगौला र रगत सम्बन्धि रोगको समेत समस्या थियो।

- ललितपुरका ६३ वर्षिय पुरुष कोभिड , निमुनिया र स्वासप्रस्वासमा समस्याका कारणले पौष ५ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १३ गते निधन भएको छ । उहाँको पौष १० गते

कोभिड-१९ पुष्टि भएको थियो। भक्तपुरका ७८ वर्षिय पुरुष कोभिड , मुटुमा समस्या र निमोनियाको कारणले मंशिर ६ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर १३ गते निधन भएको छ । उहाँको मंशिर ७ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई दम र हएपोथ्रोइड रोगको समेत समस्या थियो।भक्तपुरका ७० वर्षिय पुरुष कोभिड , मुटुमा समस्या र निमोनियाको कारणले मंशिर १० गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ११ गते निधन भएको छ । उहाँको मंशिर १० गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई उच्चरक्तचाप र दम रोगको समेत समस्या थियो। उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड व्यवस्थापन गरिएकोमा हाल २२१ जना बसिरहनुभएको छ भने ६९९ जना होम क्वारेन्टाईनमा हुनुहुन्छ । यस प्रदेशमा ४७०७ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २६९५ जना (केहि जिल्लामा होम आइसोलेसनमा भएकाको समेत विवरण उल्लेख गरिएको) संस्थागत आइसोलेसनमा र १३२५ जना होम आइसोलेसनमा बसिरहनुभएको छ । आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १०५५५९८ जनाको पिसिआर परिक्षण गरिएको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ५८४३७५ | ९६७८० | ३२४ | |
| ललितपुर | २६३७४३ | १५२१८ | ५२ | |
| भक्तपुर | २३७६६ | ८८०१ | २२ | |
| रसुवा | ३३९० | २१२ | | |
| नुवाकोट | ९८६८ | १४३२ | ७ | |
| धादिङ | ६४२१ | १६८६ | ६ | |
| चितवन | ६४४५४ | ७३४३ | १४ | |
| सिन्धुली | ४१८२ | ५६५ | | |
| मकवानपुर | ३४०७५ | ४३१५ | ७ | |
| रामेछाप | ३०३५ | ५४० | १ | |
| दोलखा | ३३१८ | ७२४ | | |
| काभ्रेपलान्चोक | ४८३१० | ३४६१ | ७ | |
| सिन्धुपाल्चोक | ६६६१ | ९७२ | २ | |
| जम्मा | १०५५५९८ | १४२०४९ | ४४२ | |

श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३३९५६ | २४ | २४ | मकवानपुर- ५ | १९ | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १७०८० | ९६ | ७८ | काभ्रेपलान्चोक -६<br>भक्तपुर - ५<br>धादिंग - १<br>दोलखा - ६<br>रामेछाप - ३<br>सिन्धुली - १ | ५४ | |
| त्रिशुली, नुवाकोट प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३५५१ | ६६ | ६६ | नुवाकोट - ६<br>धादिंग - २<br>फलोअप- ३ | ५५ | |
| भक्तपुरको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ११४६ | २६ | २६ | भक्तपुर - १<br>फलोअप- १ | २१ | |

## ❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p३.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid१९.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid१९.ndrrma.gov.np/
-कोभिड-१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-१९-situation-updates
-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।**

**धन्यवाद !**

प्रवक्ता
डा. पुरुषोत्तम राज सेढाई